श्री

# उदयपुर जिल्ला अदालत

गाईघाट, वोक्से

☎ ०३५-४२०१९४
०३५-४२०१९५

पत्र संख्याः-०७७/०७८

चलानी नम्वर :- २९४४

मितिः-२०७७।१०।८

**विषयः- सुचना टाँस गरी जानकारी पठाई दिने वारे ।**

श्री जिल्ला प्रशासन कार्यालय, उदयपुर
श्री जिल्ला सरकारी वकिल कार्यालय, उदयपुर
श्री मालपोत कार्यालय, उदयपुर
श्री मालपोत कार्यालय कटारी, उदयपुर
श्री जिल्ला समन्वय समिति, उदयपुर
श्री त्रियुगा न.पा. गाईघाट
श्री कटारी न.पा. कटारी, उदयपुर
श्री चौदण्डीगढी न.पा. वेल्टार, उदयपुर
श्री वेलका न.पा. रामपुरठोक्सीला, उदयपुर
श्री रौतामाई गा.पा. भुट्टार, उदयपुर
श्री उदयपुरगढी गा.पा. उदयपुरगढी, उदयपुर
श्री ताप्ली गा.पा. रुपटार, उदयपुर
श्री लिमचुङ्गवुङ्ग गा.पा. वाराहा, उदयपुर
श्री नेपाल वार एसोसियसन उदयपुर

उपरोक्त सम्वन्धमा यस अदालतवाट प्रकाशित लेखापढी व्यवसायीहरुको प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धको सूचना तँहा कार्यालयको सुचना पर्टीमा टाँस गरी सोको जानकारी यस अदालतमा पठाई दिन हुन अनुरोध छ ।

श्री [illegible]
उप-सचिव

श्री उदयपुर जिल्ला अदालत

पत्र सङ्ख्याः २०७७/०७८
चलानी नम्बरः ५९५४

मितिः-२०७७।१०।८।५
फोन नं. ०३५-४२०१९४
*Email : info.dcudayapur@supremecourt.gov.np*

# सूचना ! सूचना !! सूचना !!!

## विषयः- लेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा ।

कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न उक्त नियमाबलीको नियम ३ बमोजिम योग्यता पुगी १८ वर्ष नाघेका इच्छुक नेपाली नागरिकहरुले मिति २०७७।१०।०८ देखी २०७७।११।०७ गते सम्म देहायको शर्तको अधिनमा रही दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

- दरखास्तको ढाँचा नियमावलीको अनुसूचि-१ बमोजिमको हुनेछ।
- दरखास्तको साथ तीन प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।
- दरखास्तसाथ रू. ११०।— दस्तुर (नगदी रसिद) बुझाउनु पर्नेछ।
- प्राप्त दरखास्त मध्ये उपयुक्त उम्मेदवार छनौट गर्न देहायको विषय समावेश भएको लिखित परिक्षा र लिखित परीक्षाबाट उर्त्तिण उम्मेदवारहरुले अन्तर्वार्ताबाट छनौट भएपछि अदालतबाट निर्धारित प्रमाणपत्र प्रदान गरिनेछ।
- दरखास्तवालाहरुले मिति २०७७।११।०९ गते यस अदालतमा सम्पर्क गर्नु पर्नेछ।
- लिखित परीक्षाको मिति, समय र स्थान सम्पर्क मितिमा जानकारी गराइनेछ।

**लिखित परीक्षामा समावेश हुने विषयहरुः-**

- राजिनामा, अंशवण्डा, वकसपत्र लगायतका मालपोत कार्यालयमा पारित हुने लिखत
- अदालतमा प्रयोग हुने तारेख थाम्ने, हाजिर गराउने, वारेसनामा लगायतका लिखतहरू
- अर्धन्यायिक निकाय, स्थानिय तहको न्यायिक समितिमा दर्ता गरिने सामान्य निवेनहरु
- तमसुक, भर्पाई, बैनापत्र, वारेसनामा जस्ता सामन्य प्रकृतिका घरायसी कागजातहरु
- जाहेरी दरखास्त लगायतका निवदेन।
- लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१
- लेखापढी व्यवसायीको आचार संहिता, २०६४
- समसामयिक विषयबस्तुको जानकारी

धर्न बहादुर कार्की
श्रेस्तेदार (उपसचिव)

(विस्तृत जानकारीको लागि यस अदालतको प्रशासन शाखा/ फोन नं. ०३५-४२०१९४ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ।